# प्रदेश खेलकुद नियमावली, २०७६

प्रदेश खेलकुद ऐन, २०७६ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "प्रदेश खेलकुद नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली प्रदेश सरकारले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश खेलकुद ऐन, २०७६ सम्झनु पर्छ ।

(ख) "बोर्ड" भन्नाले प्रदेश खेलकुद बोर्ड सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले जिल्ला खेलकुद समिति सम्झनु पर्छ ।

३. प्रतियोगितामा सहभागीता : (१) बोर्डले स्वदेश वा बिदेशमा हुने खेलकुद प्रतियोगितामा खेलाडीलाई सहभागी गराउँदा प्रतिस्पर्धाबाट छनौट गर्ने विधिबाट पारदर्शी ढंगले गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतियोगितासँग सम्बद्ध अधिकारी वा व्यक्तिलाई सहभागी गराउँदा औचित्यता, आवश्यकता र मितव्ययिताको आधारमा उचित संख्यामा मात्र सहभागी गराउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम खेलाडी वा खेल सम्बद्ध अधिकारी वा व्यक्तिलाई सहभागी गराइएको बिषयमा चित्त नबुझ्ने जुनसुकै व्यक्तिले बोर्ड समक्ष लिखित निवेदन दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको निवेदनका सम्बन्धमा बोर्डले उचित सम्झेको प्रक्रिया अनुसार आवश्यक छानबिन गरि निर्णय गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम बोर्डबाट भएको निर्णय अन्तिम हुनेछ ।

४. बैठकमा सहभागीता : (१) बोर्डले स्वदेश वा बिदेशमा हुने खेलकुद सम्बन्धी बैठकमा खेलाडी वा खेल सम्बद्ध अधिकारी वा व्यक्तिलाई सहभागी हुन मनोनयन गर्न सक्नेछ ।

(२) समितिले स्वदेशमा हुने खेलकुद सम्बन्धी बैठकमा खेलाडी वा खेल सम्बद्ध अधिकारी वा व्यक्तिलाई सहभागी हुन मनोनयन गर्न सक्नेछ ।

सचिव

५. संघसंस्था र खेलाडीको बर्गिकरण : (१) ऐनको दफा ८(ङ) बमोजिम संघ संस्था र खेलाडीको बर्गिकरणका लागि आधार र मापदण्डका सम्बन्धमा सिफारिस गर्न बोर्डले एक समिति गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समितिको सिफारिसको आधारमा बोर्डले संघसंस्था र खेलाडीलाई (क), (ख) र (ग) श्रेणीमा बर्गिकरण गर्नेछ ।

६. सुविधा र सहुलियत सम्बन्धी व्यवस्था : (१) नियम ५ बमोजिम गरिएको बर्गीकरणको आधारमा मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले निर्णय गरी खेलाडीलाई आर्थिक सहायता, बीमा, स्वास्थ्य उपचार, शैक्षिक छात्रवृत्ति लगायत अन्य सुबिधा प्रदान गर्न सक्नेछ ।

(२) नियम ५ बमोजिम गरिएको बर्गीकरणको आधारमा प्रदेश सरकारले संघसंस्थालाई आर्थिक सहायता वा अन्य सहयोग गर्न सक्नेछ ।

७. उपाध्यक्षको काम, कर्तव्य र अधिकार : ऐनको दफा १० को अधिनमा रही उपाध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अध्यक्षसँग परामर्श गरी बोर्ड र समितिको काम कारवाहीको अनुगमन तथा मूल्यांकन सम्बन्धी योजना बनाउने,

(ख) बोर्ड र समितिको काम कारवाहीको अनुगमन तथा मूल्यांकन गरी गराई अध्यक्ष समक्ष प्रतिबेदन पेश गर्ने,

(ग) अध्यक्षको स्वीकृति लिई बोर्डको काम कारवाहीको सिलसिलामा स्वदेश वा विदेश भ्रमण गर्ने,

(घ) अध्यक्षको निर्देशन बमोजिम अन्य कार्य गर्ने ।

८. उपाध्यक्षको सेवाको शर्त : उपाध्यक्षले पाउने बैठक भत्ता प्रचलित कानून बमोजिम हुनेछ र अन्य सुविधा मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ ।

९. कार्य सम्पादन करार : ऐनको दफा १२(३) बमोजिम सदस्य सचिवले कार्य सम्पादन करार गर्दा अनुसूची- १ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

१०. बोर्ड र समितिको खर्च र खाता संचालन : (१) बोर्ड र समितिको तर्फबाट गर्नु पर्ने सबै खर्च प्रदेश सरकारको स्वीकृति लिई बोर्डले बनाएको आर्थिक कार्यविधि अनुसार हुनेछ ।

(२) बोर्डको कोषको खाता संचालन बोर्डको सदस्य सचिव र बोर्डको लेखा सम्बन्धी कार्य गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

सचिव

(३) समितिको कोषको खाता संचालन समितिको सदस्य सचिव र समितिको लेखा सम्बन्धी कार्य गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

११. सदस्यको सेवा शर्त : (१) बोर्ड वा समितिका सदस्यले पाउने बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा बोर्डले लागु गरेको आर्थिक कार्यविधि अनुसार हुनेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यविधि लागु गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ ।

१२. कर्मचारी सम्बन्धी व्यवस्था : बोर्ड वा समितिको लागी आवश्यक पर्ने स्थाई वा करार सेवाका कर्मचारीको नियुक्ति प्रक्रिया तथा कर्मचारीको सेवा, शर्त र सुबिधा सम्बन्धी व्यवस्था आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा बोर्डले लागु गरेको विनियम बमोजिम हुनेछ ।

१३. संघसंस्था दर्ता सम्बन्धी व्यवस्था : (१) ऐनको दफा ३० को उपदफा (१), (२) र (५) बमोजिम संघ संस्था दर्ता, नवीकरण र आवद्धता सम्बन्धी व्यवस्था गर्न बोर्डले मार्ग दर्शन बनाई लागु गर्न सक्नेछ ।

(२) ऐनको दफा ३० को उपदफा (३) र (४) बमोजिम जिल्ला स्तरीय संघ संस्था गठन गर्ने र त्यस्तो संघ संस्थाको निर्वाचन सम्बन्धी व्यवस्था गर्न बोर्डले मार्ग दर्शन बनाई लागु गर्न सक्नेछ ।

१४. स्वीकृति लिने सम्बन्धी प्रक्रिया : (१) ऐनको दफा ३३ को उपदफा (२) बमोजिम खेलकुद प्रतियोगिता आयोजना गर्दा देहाय बमोजिम स्वीकृति लिनु पर्नेछ :-

(क) अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रदेश स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्नु अघि बोर्डको स्वीकृति लिनु पर्ने,

(ख) जिल्ला र अन्तरस्थानीय तह स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्नु अघि समितिको स्वीकृति लिनु पर्ने,

(२) उपनियम (१) बमोजिम स्वीकृति लिने र समन्वय गर्ने संघसंस्थाले खेलकुद प्रतियोगिता सम्पन्न भएको पैतालिस दिन भित्र आम्दानी खर्चको हिसाब तयार गरि स्वीकृति दिने निकायमा पेश गर्नु पर्नेछ ।

१५. छानविन समिति सम्बन्धी व्यवस्था : (१) ऐनको दफा ३५ बमोजिम छानबिन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको समिति गठन हुनेछ :-

(क) बोर्डले तोकेको बोर्डको एक जना सदस्य – संयोजक

(ख) मन्त्रालयको खेलकुद सम्बन्धी बिषय हेर्ने एक जना अधिकृत – सदस्य

(ग) बोर्डले तोकेको बोर्डको एक जना अधिकृत – सदस्य-सचिव

कानुन अधिकृत



सचिव

(२) छानबिन समितिले छानबिन कार्य सम्पन्न गरेको १५ दिन भित्र बोर्ड समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) छानबिन समितिका सदस्यले पाउने बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा बोर्डले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. <u>शपथ ग्रहण सम्बन्धी व्यवस्था</u> : (१) बोर्डका उपाध्यक्ष, सदस्य र सदस्य-सचिवले अध्यक्ष समक्ष पद तथा गोपनियताको शपथ ग्रहण गर्नु पर्नेछ ।

(२) समितिका अध्यक्षले बोर्डका उपाध्यक्ष समक्ष र समितिका सदस्यले समितिका अध्यक्ष समक्ष पद तथा गोपनियताको शपथ ग्रहण गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम लिइने शपथ ग्रहणको ढांचा अनुसूची-२ बमोजिम हुनेछ ।

१७. <u>निर्देशिका वा कार्यविधि बनाउन सक्ने</u> : (१) प्रदेश सरकारले ऐन र यस नियमावली अन्तर्गत रही निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

(२) बोर्डले मन्त्रालयको सहमति लिई ऐन र यस नियमावली अन्तर्गत रही मार्गदर्शन बनाई लागु गर्न सक्नेछ।

१८. <u>विनियम बनाउन सक्ने</u> : बोर्डले मन्त्रालयको सहमति लिई ऐन र यस नियमावलीको कार्यान्वयन गर्न विनियम बनाई लागु गर्न सक्नेछ।

१९. <u>अनुसूचिमा हेरफेर वा थपघट</u> : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

कानुन अधिकृत

सचिव

अनुसूची – ११
(नियम ११ सँग सम्बन्धीत)

## कार्य सम्पादन करार

प्रदेश खेलकुद ऐन, २०७६ तथा खेलकुद नियमावली, २०७६ बमोजिम प्रदेश खेलकुद ऐनको उद्धेश्य हासिल गर्न हामी दुवै पक्ष सहमत भएकोले यो कार्य सम्पादन करार सम्झौतामा हस्ताक्षर गरी लियौं दियौं ।

१. प्रदेश सरकार, खेलकुद बोर्ड (यस पछि पहिलो पक्ष भनिने) र सदस्य सचिव श्री ............(यस पछि दोश्रो पक्ष भनिने) बीच आज मिति ....................मा देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो कार्य सम्पादन करार गरिएको छ ।

२. पहिलो पक्षको दायित्व देहाय बमोजिम हुनेछ :-
   (क) दोश्रो पक्षलाई प्रदेशमा खेलकुद सम्बन्धी ऐन, नियम र कार्यक्रमका बिषयमा जानकारी गराउने,
   (ख) खेलकुद कार्यक्रम संचालन गर्न स्वीकृत बजेट उपलब्ध गराइने ।

३. दोश्रो पक्षको दायित्व देहाय बमोजिम हुनेछ :-
   (क) पहिलो पक्षले तोके बमोजिमको लक्ष्य हासिल गर्ने,
   (ख) प्रदेश खेलकुद ऐन, २०७६ को दफा १२ अनुसारको जिम्मेवारी कुशलतापूर्वक बहन गर्ने,
   (ग) प्रत्येक महिना लक्ष्य र प्रगति विवरण पहिलो पक्ष समक्ष पेश गर्ने ।

४. यो सम्झौता कार्यान्वयन गर्ने सिलसिलामा कुनै द्विविधा वा विवाद उत्पन्न भएमा दुवै पक्षको सहमतिमा त्यस्तो द्विविधा वा विवादको समाधान गरिनेछ ।

५. यो सम्झौताको अवधि दोश्रो पक्षको कार्यकाल भर हुनेछ ।

| पहिलो पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मितिः | मितिः |

कानुन अधिकृत

सचिव

अनुसूची नं. ११
(नियम ११ सँग सम्बन्धीत)

कार्य सम्पादन करार

प्रदेश खेलकुद ऐन, २०७६ तथा खेलकुद नियमावली, २०७६ बमोजिम प्रदेश खेलकुद ऐनको उद्धेश्य हासिल गर्न हामी दुवै पक्ष सहमत भएकोले यो कार्य सम्पादन करार सम्झौतामा हस्ताक्षर गरी लियौं दियौं ।

१. प्रदेश सरकार, खेलकुद बोर्ड (यस पछि पहिलो पक्ष भनिने) र सदस्य सचिव श्री ............(यस पछि दोश्रो पक्ष भनिने) बीच आज मिति ....................मा देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो कार्य सम्पादन करार गरिएको छ ।

२. पहिलो पक्षको दायित्व देहाय बमोजिम हुनेछ :-
   (क) दोश्रो पक्षलाई प्रदेशमा खेलकुद सम्बन्धी ऐन, नियम र कार्यक्रमका बिषयमा जानकारी गराउने,
   (ख) खेलकुद कार्यक्रम संचालन गर्न स्वीकृत बजेट उपलब्ध गराइने ।

३. दोश्रो पक्षको दायित्व देहाय बमोजिम हुनेछ :-
   (क) पहिलो पक्षले तोके बमोजिमको लक्ष्य हासिल गर्ने,
   (ख) प्रदेश खेलकुद ऐन, २०७६ को दफा १२ अनुसारको जिम्मेवारी कुशलतापूर्वक बहन गर्ने,
   (ग) प्रत्येक महिना लक्ष्य र प्रगति विवरण पहिलो पक्ष समक्ष पेश गर्ने ।

४. यो सम्झौता कार्यान्वयन गर्ने सिलसिलामा कुनै द्विविधा वा विवाद उत्पन्न भएमा दुवै पक्षको सहमतिमा त्यस्तो द्विविधा वा विवादको समाधान गरिनेछ ।

५. यो सम्झौताको अवधि दोश्रो पक्षको कार्यकाल भर हुनेछ ।

पहिलो पक्षको तर्फबाट

नाम :
पद :
दस्तखत :
मिति:

दोश्रो पक्षको तर्फबाट

नाम :
पद :
दस्तखत :
मिति:

कानुन अधिकृत

सचिव

अनुसूची-२

(नियम १८ को उपनियम ३ सँग सम्बन्धीत)

**शपथ ग्रहणको ढांचा**

म............................................... मुलुक र जनता प्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता, प्रचलित संविधान तथा अन्य कानूनप्रति पूर्ण बफादार रही बोर्ड/समितिको ....................पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमान्दारीसाथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानून पालना गर्दा बाहेक म पदमा वहाल रहेको वा नरहेको कुनैपनि अवस्थामा प्रकट वा सङ्केत गर्ने छैन ।

नाम ... ... ... .. :

दस्तखत............ :

मिति ... ... ... .:

कानुन अधिकृत

सचिव